स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गत महिना अभिनेता सौगात मल्ल र अभिनेत्री सृष्टि श्रेष्ठबीच 'इन्गेजमेन्ट'को चर्चा चल्यो। डेटै तोकेर इन्गेजमेन्ट हुने हल्ला फिल्म वृत्तमा थियो। यसका लागि सौगातले फिल्म 'कल्ली'को सेड्युल समेत पर सारेको चर्चा थियो। अहिले पनि यी दुईजनालाई इन्गेजमेन्टको प्रश्नले पछ्याइरहेको छ। पत्रकार सम्मेलनमा सृष्टिलाई विवाह र इन्गेजमेन्टबारे प्रश्न सोधियो।

**आजको विचार...**



तानसेन.... (दुई पेजमा)

पदमराज न्यौपाने



इदको एकदिन अघि रिलिज भएको सलमान खान अभिनित फिल्म 'सिकन्दर'ले बक्सअफिसमा कमजोर ओपनिङ गरेको छ। बलिउड ब्यापार विश्लेषकका अनुसार आइतबार रिलिज भएको फिल्मले पहिलो दिन ३०.०६ करोड भारु खूद आम्दानी गर्‍यो। यो फिल्म यसअघि धेरै ओपनिङ गर्ने सलमानका शीर्ष ५ को सूचीमा पनि अटाएन। अहिलेसम्म सलमानको धेरै ओपनिङ गर्ने फिल्ममा सन् २०२३ को 'टाइगर ३' छ, जसको ओपनिङ ४३ करोड भारु रह्यो।

❒ वर्ष ३० ❒ अंक २५१ ❒ २०८१ चैत २४ गते आइतबार 6 April 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### रुसी हमलामा १८ को मृत्यु

(रासस/एएफपी)

**किएभ, चैत २३**/युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीको गृहनगर क्रिभी रिगमा रुसी ब्यालिस्टिक क्षेप्यास्त्र हमलामा नौ बालबालिका सहित १८ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् । शनिबार रातभरि आपत्कालीन कार्य सम्पन्न भएपछि दिनप्रोपेट्रोभ्स्कका क्षेत्रीय गभर्नर सर्गिय लिसाकले ६१ जना घाइते भएको बताए । क्रिभी रिगको सैन्य प्रशासनका प्रमुख ओलेक्सान्द्र भिल्कुलका अनुसार शुक्रबार बालबालिकाको खेल मैदान नजिकै आवासीय क्षेत्रमा मिसाइल आक्रमण भएको थियो । सामाजिक सञ्जालमा अप्रमाणित भिडियोहरूमा सडकमा शवहरू रहेको देखाइएको छ भने अर्को भिडियोमा साँझको आकाशमा धुवाँको मुस्लो उठेको देखाइएको छ । घटनास्थलको सामाजिक सञ्जालको भिडियोमा एउटा कार जलिरहेको देखाइएको छ भने मानिसहरू चिच्याइरहेको सुन्न सकिन्छ । '१८ त्यति नै मानिसहरू रूसीहरूले क्रिभी रिगमा मिसाइल प्रहार गर्दा मारिए । तिनीहरू मध्ये नौ जना बालबालिका थिए', लिसाकले टेलिग्राममा भने । उनका अनुसार शुक्रबारको आक्रमणमा १२ बालबालिका घाइते भएका छन् ।'यो यस्तो प्रकारको पीडा हो जुन तपाईंले आफ्नो सबैभन्दा खराब शत्रुमा पनि चाहनुहुन्न', लिसाकले भने । रूसको रक्षा मन्त्रालयले सहरमा एउटा रेस्टुरेन्टमा उच्च विस्फोटक मिसाइलले सटीक आक्रमण गरेको थियो ।

# नेवारी संस्कृति संरक्षण गर्दै बरजु गुठी

## तानसेनमा लस्करै बसेर 'नेवारी मौलिक भोज'

**रामचन्द्र रायमाझी**

**पाल्पा,** चैत २३/बढ्दो आधुनिकताको प्रभावसँगै मौलिक संस्कृति लोप हुने खतरा बढेपछि तानसेनका नेवार समुदायका व्यक्तिहरु संरक्षणमा जुटेका छन् । मौलिक परम्परा र संस्कृतिलाई संरक्षण गर्दै नयाँ पुस्तासम्म पुऱ्याउन उनीहरु यसको संरक्षणमा जुटेका हुन् ।

नेवार समुदायले परापूर्वकालदेखि मान्दै आएका संस्कार,संस्कृति र परम्परालाई जीवन्त राख्न यहाँका नेवार समुदायरु संगठीत रुपमा लागेका छन् । मौलिक खानाका परिकारसहित परम्परागत रुपमा ख्वाइने भोजलाई बफेट पार्टीले विस्थापन गर्न लागेको अवस्थामा नेवार समुदाय संगठीत बरजु गुठी पाल्पाले शनिबार एक दिने नेवारी मौलिक भोज 'नेवाः भ्वय्' आयोजना गऱ्यो । नेवार समुदायको बाक्लो बसोवास रहेको तानसेन -३ टक्सारटोलको रातो घरमा गुठीले मौलिक भोज आयोजना गरेको हो । भोजमा लस्करै बसेर लगभग एक हजार पाँच सय जनाले सामूहिक नेवारी भोज खाएका थिए । नेवारी भाषामा 'भ्व्व भ्वय्' ले 'लस्करै बसेर खाने भोज' लाई बुझाउँछ । सहभागीमध्ये ज्येष्ठ सदस्यले खान सुरु गरेपछि मात्र अरूले खाने चलन रहेको छ । सोही अनुसार ज्येष्ठ नागरिक तानसेन नगरपालिकाका नगर प्रमुख



सन्तोषलाल श्रेष्ठले खान सुरु गरेपछि अन्य सहभागीहरुले खाएका थिए । खानु अघि गुर्जु चिनियामान बज्राचार्य र नगर प्रमुख श्रेष्ठले नेवारी परम्परा अनुसार पुजा गरेर शुभारम्भ गरेका थिए । भोजको शुभारम्भ गर्दै नगर प्रमुख श्रेष्ठले लोप हुन लागेको नेवार संस्कार र संस्कृतिको संरक्षणमा गुठीले देखाएको सक्रियता प्रशंसनिय रहेको बताए । नेपाल सबै जातजातिहरुको बगैंचा भएको भन्दै नेवार त्यसमा पनि उत्कृष्ट संस्कृति भएको जातीमा पर्ने उनले उल्लेख गरे । परम्परागत नेवारी संस्कृति संरक्षण, संवर्द्धन र विकाससँगै मौलिकपनलाई चिरकालसम्म बचाइराख्न यस्ता कार्यक्रम सहयोगी बन्ने उनले विश्वास व्यक्त गरे । भोजमा सहभागी हुन पुगेकी नगरपालिकाकी उपप्रमुख प्रतिक्षा गाहा सिंजालीले खाना बस्दादेखि उठ्दासम्म नेवारी संस्कारले आफ्नो मन छोएको बताइन् । उनले भनिन् 'संस्कार एकातिर थियो भने खानाका परिकार समेत स्वास्थ्यवर्द्धक रहेको पाइयो, यस्ता सन्तुलित र वैज्ञानिक खाना हाम्रो शरिरका लागि फाइदाजनक समेत लाग्यो ।' उपप्रमुख सिंजालीले यस्ता परम्परागत भोजको पुस्ता हस्तान्तरण गर्दै जाने र यसको प्रचार-प्रसार गरी तानसेन आउने आन्तरिक तथा बाह्य पर्यटकहरु भित्र्याउन सकिने बताइन् । उक्त भोजमा सहभागी हुन पुग्ने जो कोही व्यक्तिहरु नेवारी भोजन र संस्कार देख्दा दंग थिए । यो समुदायको भोज खाने आफ्नो छुट्टै नियम रहेको छ । सोही नियममा रहेर त्यहाँ पुग्नेहरुले भोजन गरेका थिए । नेवाः भोजमा सहभागीहरुलाई सुकुलमै पलेंटी कसेर खाना राखिएको थियो । सुकुलको सबैभन्दा माथि ज्येष्ठ नागरिकलाई राखिएको थियो । भोज सालको पात (लप्ते) मै खुवाइएको हो । लप्तेमा भोजको प्रारम्भिक परिकारहरू राखिसकेपछि सबैभन्दा पहिले ज्येष्ठ नागरिकले खान सुरु गरे । त्यसपछि मात्रै अरूले खान सुरु गरे । यो भोजमा तीन चरणसम्म दोहोरिँदै परिकार राख्न ल्याइएको थियो । सुरुमा सालको पातको लपेस (लप्ते) मा खानाका परिकार राखेर "भ्वय छ्युगु" भनेर सुरुवात गर्ने गरिएको थियो । यसरी राखेको भोजमा मानिसहरू बस्न थालेपछि "द्यः छायगु" भनेर देवतालाई चढाउने गरिन्छ । भोज खान सुरु गरेपछि पहिला संक/वास (रक्सी) यसैक्रमले पात/ल्हापा, चिउरा/ फिनी, छोइला, केराउ, राखिएको थियो । दोस्रो पटक चिउरा, पंचकोल, आलु,तामा,गोबी, खसीको मासु, मटर, पनिर, चुकाउनी, अचार, मेथी क्वा, वास राखिएको थियो । तेस्रो पटक वाउँचा (साग), भुटुवा, चिउरा, चिनी, दही, फलफूल, केराउ, सिन्का, वास राखेपछि भोज सकिने गर्दछ । यसरी परिकार राख्दा पहिलो चरणमा के-के राख्ने, दोस्रो, तेस्रो र चौथोमा के-के राख्ने भन्ने पनि नियमबद्ध विधान छ । अन्त्यमा फलफूल र दही राखिन्छ । भोज सकेपछि दाँत कोट्याउने सिन्का (खौका) समेत दिइएको थियो । खौका लिएपछि भोज सकिन्छ । तर, 'सकियो' भनेर झ्वाट्ट उठ्न पाइँदैन ।

-बाँकी अन्तिम पेजमा...

# प्रधानमन्त्री ओली स्वदेश फिर्ता



**काठमाडौं,** चैत २३/प्रधानमन्त्री केपी शर्मा ओली थाइल्याण्डको औपचारिक भ्रमण र छैटौं बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) शिखर सम्मेलनमा भाग लिइ शनिबार स्वदेश फर्कीएका छन् ।

प्रधानमन्त्री ओलीलाई त्रिभुवन विमानस्थलको अतिविशिष्ट कक्षमा उपप्रधानमन्त्री प्रकाशमान सिंह, गृहमन्त्री रमेश लेखक, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, सरकारका उच्चपदस्थ अधिकृत तथा सुरक्षा अङ्गका प्रमुखले स्वागत गरे । प्रधानमन्त्रीको स्वागतमा नेपालस्थित कूटनीतिक समुदायका डीन, नेपालका लागि इजिप्टका राजदूत र नेपालका लागि थाइल्याण्डका कार्यवाहक राजदुत स्वागतका लागि विमानस्थल पुग्नुभएको छ । त्यसअघि नेपाली सेनाको एक टुकडीले प्रधानमन्त्रीलाई सम्मान गारत अर्पण गरेको थियो । थाइल्याण्डका प्रधानमन्त्री पे थोङ् थान् शिनावात्को मैत्रीपूर्ण निमन्त्रणामा २१ सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री ओली यही चैत १९ गते त्यसतर्फ प्रस्थान गरेका थिए । थाइल्याण्डमा रहँदा प्रधानमन्त्री ओलीले छिमेकी भारतका प्रधानन्त्री नरेन्द्र मोदीलगायत विभिन्न मुलुकका समकक्षीसँग आपसीहित र चासोका विविधि विषयमा छलफल गरेका थिए । **-रासस**

# पाल्पाका चिकित्सकले बुझाए स्वास्थ्यमन्त्रीलाई ज्ञापनपत्र

**तानसेन (पाल्पा),** चैत २३/लुम्बिनी मेडिकल कलेज पाल्पामा अध्ययनरत आवासीय (रेसिडेन्ट) चिकित्सकले स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेललाई तीन बुँदे मागसहितको ज्ञापनपत्र बुझाएका छन् । आठौं तहसरह मासिक पारिश्रमिक पाउनुपर्ने मागसहित उनीहरुले मन्त्री पौडेललाई ज्ञापनपत्र बुझाएका हुन् ।

चिकित्सकहरुले निजी मेडिकल कलेजका एमडी, एमएस, एमडिएस आवासीय चिकित्सकको मासिक पारिश्रमिक (सरकारी आठौं तहसरह) भुक्तानी गरिनुपर्ने, एमडी, एमएस, एमडिएसको म्याचिङ प्रक्रिया सच्याउन माग गरेका छन् । उनीहरुले आयोगद्वारा प्रवेश परीक्षा अगाडि प्रकाशित निजी मेडिकल कलेजका सिटसमेत समावेश गरी अघि बढाइनुपर्ने, त्यस्तो निर्णय नमान्ने निजी मेडिकल कलेजलाई एमबिबिएस, बिडिएस, एमडिएस,



एमएस, एमडिएस, डिएम, एमसिएच कार्यक्रमको सम्बन्धन खारेज, बिमालगायत सरकारी अनुदानका सम्पूर्ण कार्यक्रम रद्द गर्ने लगायतका माग गरेका छन् । यस्तै चिकित्सकहरुले स्नातकोत्तर कार्यक्रमलाई पूर्ण वैज्ञानिक बनाउन स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल सैर्ष समितिसँग प्रतिबद्धता जनाइए बमोजिम छुट्टै नियामक अङ्गको व्यवस्थासहित कार्य समय, बिदा, पारिश्रमिक, परीक्षाको पारदर्शिता र निष्पक्षता सुनिश्चित गर्ने व्यवस्था, विश्वविद्यालय र मेडिकल कलेज प्रशासनको आचरण र व्यवहार, अध्यापक जनशक्तिहरुको आचरण र व्यवहारलगायत विषय समेटी स्नातकोत्तर कार्यक्रम सञ्चालन कार्यविधि निर्माण गर्ने ड्राफ्टिङ कमिटी बनाइनुपर्ने माग मन्त्रीसमक्ष राखेका छन् । आफ्ना मागहरु पूरा नहुँदासम्म काममा नजाने निर्णय गरिएको एलएमसीका डा. दीपक कँडेलले बताए । उनले भने, "हाम्रा माग सम्बोधन नहुञ्जेलसम्म आफूले प्रदान गर्दै आएका सेवाहरु बहिष्कार गर्नेछौं ।" चिकित्सकले काम बहिष्कार गर्दा सेवा प्रभावित भएको अस्पतालले जनाएको छ । ज्ञापनपत्र बुझ्दै मन्त्री पौडेलले आवासीय चिकित्सकका धेरै माग सम्बोधन भइसकेको र केही मागहरु तत्काल सम्बोधन गरिने विश्वास दिलाए । उनले सरकारले गरेका निर्णय कार्यान्वयन गर्न सम्बन्धित निजी मेडिकललाई आग्रह गरिसकेको बताए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# विकास र शान्तिको लागि खेलकुदको भूमिका

खेलकुदले सामाजिक परिवर्तन, समुदायको विकास र सबैमा शान्ति र समझदारीको भावना उजागर गर्न महत्वपूर्ण योगदान पुऱ्याएको हुन्छ । त्यही योगदानको सम्मान गर्दै हरेक वर्षको अप्रिल ६ तारीखको दिन अन्तर्राष्ट्रिय विकास र शान्तिको लागि खेलकुद दिवस मनाउने गरिन्छ । आज पनि नेपालसहित विश्वभर यो दिवस मनाइँदै छ ।

खेलकुद एउटा विश्वब्यापी भाषा हो, यो समाजमा हुने गरेको सबै किसिमको भेदभावबाट मुक्त हुन्छ । खेलकुदले युवा महिला र पुरुष जनसङ्ख्या, व्यक्तित्व र समुदायहरूको साथसाथै स्वास्थ्य, शिक्षा र सामाजिक उद्देश्यहरूको सशक्ततालाई प्रोत्साहन पनि गर्दछ । खेलकुदका माध्यमबाट विश्वभर शान्ति, विकास, गरिबी उन्मूलन, असमानतारहित, सुन्दर र शान्त समाजको सन्देश प्रवाह गर्नका लागि विश्वभर यो दिवस मनाउन थालिएको हो । खेलकुदले सामाजिक विकास तथा शान्तिको लागि ठूलो भूमिका खेल्दछ । सामाजिक नीति नियम लागु गर्न तथा परिवर्तनको लागि खेलकुद छुटाउन नमिल्ने क्षेत्र हो । किनभने खेलकुदले सबैलाई एकजुट बनाउन सक्नुका साथै आत्मबल, नेतृत्व क्षमता र काम गर्न सक्ने क्षमता बढाउँछ ।

विश्वस्तरका खेलहरु जस्तै ओलम्पिक्स, फिफा विश्वकप, आईसीसी विश्वका क्रिकेट आदिले राष्ट्रिय तथा अन्तर्राष्ट्रीय सम्बन्धहरु स्थापित गरेका छन् । अन्तरदेशीय भाईचारालाई बढावा दिएको छ । युद्ध, प्राकृतिक प्रकोप आदिबाट लागेका चोटमा मलहमको काम पनि खेलकुदले नै गरेका थुप्रै उदाहरणहरु पाइन्छ । सद्भाव र शान्ति बनाईराख्न, सबै संस्कृति र भोगौलिक विविधताधारी खेलाडी र दर्शकहरुलाई एउटै मैदानमा उपस्थित गराउन प्रेरित गर्ने भनेकै खेलकुदले नै हो । खेलकुद सबैबीचको आत्मीयता र एक्यबद्धतालाई उजागर गर्ने थलो हो भन्दा कुनै दुई मत नहोला । खेलकुदले सबै उमेरसमूहका मानिसहरुलाई शारिरिक शिक्षाको बारेमा ज्ञान दिएर खेल खेल्न उत्प्रेरित गर्छ । जहाँ खेलकुद हुन्छ त्यहाँ विकास हुन्छ । जसले नागरिकको ब्यक्तित्व विकास मात्र नभएर सामाजिक, भौतिक र आर्थिक विकासमा टेवा पुऱ्याउन समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । खेलकुदले विकास गर्छ र विकासले आर्थिक सम्मुन्नति अग्रसर गराउँछ, देश समृद्धि भए शान्ति र नयाँ रोजगारी सिर्जना हुन्छ । तसर्थ विकास र शान्तिको लागि खेलकुद क्षेत्रको महत्वपूर्ण भूमिका रहेकाले यसको विकासको लागि सरकार, निजि क्षेत्रहरु र सबैजनाले हातेमालो गर्न जरुरी छ ।

## Opinion @ Social Network

जित्नको लागि आफुमा 'आत्मविश्वास' हुनुपर्छ ,
हार्नको लागी त 'डर' नै काफी छ !
*(अनिषा आलेको फेसबुक स्टाटस https://www.facebook.com/Anisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# 'तानसेन सम्पदा संरक्षण समाज' र यसको दायित्व




*शहरी विकास अवधारणा अवलम्वन गर्ने गरिन्छ । भएका संरचना वा सम्पदाहरुलाई संरक्षण गर्न पहिलो प्राथमिकतामा राख्ने पनि गरिन्छ । यसर्थ तानसेनले प्राप्त गरेका यी सम्पदा, बजारको यो स्वरुप र विशेषतालाई संरक्षण सम्वर्द्धन गर्ने खालको निती र कार्यक्रम हुनुपर्दछ ।*

जहाँ सार्वजनिक सम्पदाहरुलाई सार्वजनिक सम्पति मानेर संरक्षण र सम्वर्द्धन गरिन्छ त्यहाँ सार्वजनिक पहिचान एवं समृद्धिको मार्ग खुलेको देखिन्छ । कतिपय जिल्लाहरुले त आफ्ना सम्पदा नभएमा अन्य जिल्ला वा स्थानसँगको सहकार्यमा संरक्षण, सम्वर्द्धन गर्दै व्यवहारिक उपयोग गरेर आफ्नो जिल्लाको पहिचान बनाएका पनि देखिन्छन् । यसैगरी सार्वजनिक सम्पदाहरुको संरक्षणमा नागरिकस्तरको चासो सरोकार र संरक्षणमा स्थानीय सरकारसँग साझेदरी गरिएका छन्,त्यहाँको समृद्धि इतिहास, संस्कृति र प्रकृतिको समन्वयमा पहिचानात्मक रुपमा भएका छन् ।

तानसेनमा रहेका ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका लागि नगर भित्र बसोवास गर्ने नगरवासीहरुको भेलाले तानसेन सम्पदा संरक्षण संघ गठनका लागि आयोजित नागरिक स्तरिय भेलामा झण्डै ५० जनाको उपस्थितिमा तानसेनमा पहिलो पटक सम्पदा संरक्षण समाज गठन गरिएको छ । विशेषगरी तानसेन बजारमा रहेका त्यस्ता सम्पदाहरुको महत्वका बारेमा कमजोर बुझाइका कारण दिनानुदिन सम्पदाहरुको महत्वमा ह्रास आइरहेको छ । यो कार्यले भविष्यमा तानसेनको पहिचान नै फेरिने अन्दाज गर्न सकिन्छ । यसका लागि स्थानीय सरकारको सम्वेदनशिलता देखिनु पर्छ भने नगरवासीहरुको चासो र सरोकार रहन जरुरी छ । आफ्नै घर आगन र आफ्नै संस्कार र संस्कृतिमा चासो रहन नसक्दा भविष्य कस्तो होला यो पनि अन्दाज गर्न सकिन्छ । हरेक नागरिकले आफूले बनाउन नसके पनि आफ्ना पूर्खाले बनाएका र स्थापित गरिदिएका संरचना एव. संरचना सम्वद्ध मूल्य र मान्यताको रक्षा गर्दै अहिलेको आवश्यकता अनुरुप व्यवहारिक तालमेल मिलाउदै जान सकेको खण्डमा सामाजिक पहिचान र सामाजिक आर्थिक रुपान्तरणमा समेत योगदान हुन सक्ने तथ्यलाई विर्सन सकिदैन ।

गठित समाजले नागरिकबिच चेतना जगाउदै सम्पदा संरक्षणमा जागरुक बनाउन जरुरी छ भने सम्वद्ध निकायहरु स्थानीय सरकार,गुठी संस्थान र संस्कृति मन्त्रालय एवं पुरातत्व विभागसँग समन्वय गरी भएका संरचनाको अवस्थाका बारेमा जानकारी गराउने, कार्यक्रमको जानकारी लिने, सरक्षण , सम्वर्द्धन नीतिको बारेमा खोजी गर्ने र नगरवासीलाई सो बारे जानकारी गराउने गर्न जरुरी छ । समाजले सम्पदाहरुको पूर्ण अभिलेख राख्ने, स्थानीय सरकारलाई सो गर्न प्रेरित गर्ने, स्थानीयसँग समय-समयमा अन्तर्क्रिया गराई सम्पदा र नागरिक एवं स्थानीय सरकारबिच सम्पदा सम्बन्ध स्थापित गर्न पहल गर्न जरुरी छ । कही कतै सम्पदा अतिक्रमण भएको खण्डमा सोको जानकारी स्थानीय सरकार र सम्वद्ध निकायहरुलाई गराउन आवश्यक छ । सार्वजनिक सम्पदा सामाजिक सम्पति हुन् । यस्ता सम्पतिले सामाजिक सम्वृद्धिको पहिचान प्रदर्शन गर्दछन् । यसर्थ भत्किन नदिने र भत्काउन नदिने,लोप हुन नदिने कार्य नै अहिलेको तानसेनको पहिलो आवश्यकता हो । तानसेन बजारलाई विश्वसम्पदा रहेको बजारको सम्भावित सूचिमा रहेको क्षेत्र हो । यति मात्र होइन यो मध्ययूगिन बजारको ज्वलन्त उदाहरण पनि हो । यो सहरको निर्माण र संरचना हेर्दा साना र सांगुरा गल्लीहरु, कलात्मक झ्याल ढोकाहरु, सहरको केन्द्रमा व्यापारिक बजार, पहाडी क्षेत्रको स्वरुप अनुरुपको बजार विकास, बिचमा प्रशासनिक केन्द्र र त्यसको केन्द्रमा दरबार र परिसर, र यसैको वरीपरी आवश्यक बस्तुहरुको व्यापार गर्ने थलो भएको बजार तानसेन हो । धर्म संस्कृतिका हिसावले बिचभागमा भगवती मन्दिर, नारायण मन्दिर, गणेश मन्दिर जस्ता मठमन्दिर रहेको स्वरुपलाई मध्ययुगिन शहर वा बजारको विशेषता मानिन्छ ।

आधुनिक युगमा पनि शहर बजारको विशेषताका रुपमा त्यही वास्तुकला र वास्तुशास्त्र अनुसारको शहरी विकास अवधारणा अवलम्वन गर्ने गरिन्छ । भएका संरचना वा सम्पदाहरुलाई संरक्षण गर्न पहिलो प्राथमिकतामा राख्ने पनि गरिन्छ । यसर्थ तानसेनले प्राप्त गरेका यी सम्पदा, बजारको यो स्वरुप र विशेषतालाई संरक्षण सम्वर्द्धन गर्ने खालको निती र कार्यक्रम हुनुपर्दछ । नकी हाम्रा सोच र कदमहरु यसलाई असर गर्ने स्वरुप र पहिचान मेटीने नहोस् भन्नेतर्फ सचेत बन्न जरुरी छ । यो सचेतता प्रथमतः नगरवासीमा हुनु पर्दछ र स्थानीय सरकार एवं सम्वद्ध क्षेत्रलाई त्यसतर्फ ध्यानकेन्द्रित गर्न अनुरोध र दवाब पनि दिनु कर्तव्य हुन आउछ ।

**अब हेरौ मध्ययुगीन सहरका केही विशेषता र तानसेन बजार :** माथी उल्लेख गरिएका मध्ययुगीन सहरका विशेष विशेषताहरुका सन्दर्भमा तानसेनको बजार सम्बन्ध कुन हद् सम्मको रहेछ भन्नका लागि निम्न तरिकाबाट सहजरुपले बुझ्न सकिन्छ ।

१) पुर्खाले निर्माण गरेका हिजोका पुराना सहर बजारको विकास गर्दा सुरक्षा रणनीति अनुरुपका संरचना निर्माण हुनु -माटो र ढुगाको पर्खाल हुनु, मुख्य प्रशासनिक केन्द्र प्रवेश ढोकाबाट प्रशासनिक भवनमा प्रवेश हुनु, वा प्रवेश नियन्त्रणात्मक ढंगले निर्माण गरिनु । तानसेन दरबार र परिसर निर्माण यसै अनुरुप गरिएको छ ।

२) वास्तुकला र वास्तु शास्त्रका हिसावले निर्माण हुनु, बजारको बिचमा केन्द्र र वरीपरी वस्ती र बिचभागमा संरचना अनि बजारको व्यवस्था गरिनु ।

३) साना गल्ली र बाटोहरु केन्द्रलाई जोड्दै निर्माण गरिनु ।

४ सामाजिक र आर्थिक क्षेत्रहरु ऋलग-अलग स्थानमा व्यवस्था गरिनु, जोडिएका घर, एउटै प्रकृति र शैली द्धारा निर्माण गरिएका ।

५) सामुदायिक भावना र पहल एवं प्रवर्द्धनात्मक हिसावले र सम्भाव्य सबै आवश्यकता आपूर्तिको व्यवस्था गर्ने गरी समूहगत पहिचानका लागि सामाजिक संरचनाको व्यवस्थापन गरिनु ।

६) सहरमा धार्मिक र आध्यात्मिक संस्था, शैक्षिक स्थल, खेलमैदान,बगैचा र सार्वजनिक स्थलहरुको व्यवस्था गरिनु ।

७) व्यापार व्यवसायमा निजि क्षेत्रको प्रवेश गराउनु । व्यापार र यसै सम्वद्ध विविध आवश्यकता पूर्तिका लागि बाहिर जिल्लाबाट भए पनि आवश्यकता अनुरुपका व्यापार वा आपूर्ति प्रणालीको व्यवस्थाको व्यवस्थापन गर्नु र हाटबजार र प्रदर्शनी व्यवस्था मिलाउनु ।

८) सार्वजनिक स्थलको व्यवस्था गर्नु, संरचना निर्माणमा यस्ता पक्षमा गम्भीर देखिनु र कानूनी व्यवस्था मिलाउनु ।

९) खानेपानी र सरसफाइको चुनौती सामना गर्ने गरी दीगो उपाय खोजी गर्नु , नयाँ प्रविधि अवलम्वन गर्नु ।

१०) बसोवास संयुक्त परिवारमा रहनु र यसबाट विशेष प्रकारको पारिवारिक व्यवस्थापन पद्धतीको अवलम्वन गर्नु ।

११) आवश्यक कलेज, विद्यालय पुस्तकालय र धार्मिक मठमन्दिरहरु नजिकै र सहजताका हिसावले व्यवस्था मिलाउनु ।

१२) सैनिक उपस्थिति र सहरी बासिन्दाको सम्बन्ध सुमधुर बन्ने रणनीति अवलम्वन गर्नु ।

उल्लेखित विशेषताहरुलाई केन्द्रमा राखेर हेर्ने हो भने तानसेन बजारको विशेषता प्राचिन वा मध्ययुगिन संस्कृति, कला, सम्वद्ध सांस्कृतिक सम्पदा र संरचना भएको र यही विशेषताले तानसेनलाई विश्व सम्पदा सूचिमा सूचिकृत गर्न सकिने बलिया आधारहरु भएका कारण अब तानसेनले यसबारेमा गाम्भीर्यता प्रदर्शन गर्नु पर्दछ । साथै तानसेनको गाम्भीर्यतामा भर पर्दछ तानसेनमा पर्यटन विकास पनि । इतिहासले ८औं देखी १८ औं शताव्दी सम्मको अवधिलाई मध्ययुगीन इतिहास भनिन्छ र यही अवधिका सहर, संस्कृति ,संरचना एवं इतिहास संम्वद्ध सम्पदाहरुलाई निकै महत्वका साथ लिने गरिएको छ । यसै अवधिमा व्यवस्थित बस्ती विकास, सहर र जीवनपद्धतीको विकास भएको मानिन्छ । यी अवधिका सामाजिक संरचना, आर्थिक क्रियाकलाप र पद्धती, राजनीतिक संयन्त्र र शासनपद्धती, साँस्कृतिक प्रचलन र पूर्वाधारहरु अहिलेको आधुनिक समाजका लागि निकै महत्वपूर्ण सम्पति बनेका छन् । तानसेन बजार पनि यही समयमा विकास भएको देखिन्छ । तानसेन ऐतिहासिक बजार हो यो साँस्कृतिक र वास्तुकलाले धनी छ । यो त्यो समय देखिनै व्यापारको केन्द्र, संस्कृति र सिल्पकलाहरुले मध्ययुगकालिन सहरको रुपमा परिचित र स्थापित भएको देखिन्छ । पुरानो थलो, पुराना मन्दिरहरु, नेवारी वास्तुकलाले मध्यकालिन सहरको रुपको प्रतिनिधित्व गर्दछ । उल्लेखित विशेषता सांस्कृतिक हिसावले निकै समृद्ध र वजनदार मानिन्छ । नवगठीत यस समाजले अबको सोही अनुरुपमो छलफल र कार्यक्रम तय गर्न जरुरी देखिन्छ ।

समाजले प्रथम चरणमा वडा नं २,३,४ र ६मा भएका सम्पदाहरुको संरक्षण र सम्वर्द्धनमा स्थानीय सरकारको पहल र वडावासीबिच छलफल र अन्तर्क्रिया गराउने कार्यलाई प्रमुख रुपमा लिन आवश्यक छ । नगरपालिकासँग सम्पदा(भौतिक र अभौतिक) को संरक्षण, प्रवर्द्धन गर्दै सामाजिक आर्थिक रुपान्तरण र पर्यटन सम्वद्ध कार्यक्रमहरुको बारेमा जानकारी माग गर्ने कार्यको थालनी जरुरी छ । तानसेन ऐतिहासिक र सांस्कृतिक सम्पदायुक्त मध्ययूगिन सहर एवं पुतात्विक सम्पदायुक्त बजार भएकाले नगरपालिकाको विकास र संरक्षण दीगो अवधारणा, नीति र कार्यक्रमका बारेमा जानकारी लिने र नगरवासी समक्ष राख्न जरुरी छ । यसबाट नगरवासीमा पारदर्शिरुपमा नगरपालिकाको नीति स्पष्ट भै संरक्षणमा चासो र सक्रियता बढ्नेछ ।

नगरपालिकाले नगर भित्रका सबै प्रकृतिका सम्पदाहरुको अभिलेख राख्ने र स्थानीय पाठ्यक्रममा समावेश गरी विद्यालय देखिनै सम्पदाको महत्व, संरक्षण र भविष्यका बारेमा विद्यार्थीहरुलाई जानकारी दिने प्रक्रिया अवलम्वन गर्न जरुरी भएकाले समाजले यसलाई जोड दिनु पर्दछ । नेपाल सरकार संस्कृति तथा पर्यटन मन्त्रालयद्धारा हालै अभौतिक संम्पदाहरुको अभिलेखीकरण गर्न र दर्ता गर्न गरेको अनुरोध बमोजिम नगरपालिकाले आफ्ना अभौतिक सम्पदाहरुको तत्काल अभिलेखीकरण गर्न र दर्ता प्रक्रिया प्रारम्भ गर्न समाजले जोड दिन आवश्यक छ । दोश्रो चरणमा नगरका सबै वडाहरुमा रहेका सम्पदा संरक्षणका कार्यक्रम र चासोलाई विस्तार गर्न आवश्यक देखिन्छ ।

***(लेखक पाल्पा सरोकार समाजका अध्यक्ष समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफ्नो कार्य नछोड्नुहोला । अधिकारी वर्गहरूबाट सहयोग पाइएला। | **तुला** : मामलामा सकेसम्म आफू नपर्नुहोला। समय अनुसार नचल्नाले पछाडि परिएला। |
| **वृष** : कार्यक्षेत्रमा कार्यको प्रशंसा हुनेछ । स्वास्थ्यमा ध्यान दिनुहोला। | **वृश्चिक** : कार्यक्षेत्रमा सफलता मिल्नेछ । अवसरहरू गुम्न सक्लान् । |
| **मिथुन** : मित्रहरू सहायक बन्नेछन्। र ाजकीय मामिलाहरू सुल्झिनेछन्। | **धनु** : कार्यक्षेत्रमा कार्यको प्रशंसा हुनेछ। पढाइमा भन्दा मनोरञ्जनमा धेरै बित्नेछ। |
| **कर्कट** : हजुरको लागि लाभदायी रहनेछ। पेशामा श्रम अनुरूप फल नमिल्ला। | **मकर** : चलिरहेको कार्यमा ध्यान दिनुहोला। नयाँ अनुबन्ध प्रगतिमा सहायक हुनेछ। |
| **सिंह** : व्यवसायमा मनग्य लाभ प्राप्त हुनेछ । आँटेको कार्य सम्पादन हुनेछ। | **कुम्भ** :अड्केका कार्य पूरा हुनेछन्। भविष्यलाई लिएर योजनाहरू कोरिनेछन्। |
| **कन्या** : आत्तिएर कुनै निर्णय नलिनुहोला। पिता को साथ र सहयोग मिल्नेछ। | **मीन** : रमाइलो समय व्यतीत हुनेछ। सोचेजस्तो लाभ आर्जन गर्न नसकिएला। |

# कृषि

## विदेशबाट फर्केर बगरमा तरभुजाखेती



लमहीका युवराज पौडेल दुई वर्ष साउदीअरब बसेर २०७५ सालमा नेपाल आए । यहाँ आएपछि के काम गर्ने भन्ने उनलाई अन्योल थियो । साउदीमा पानीको मात्रा धेरै भएको र माटो कम भएको देशमा खेती गरेर आत्मनिर्भर भएको देखेकाले नेपालमा पनि केही गरौ भन्ने सोचाइ आएको उनले बताए । नेपालमा कृषिमा सम्भावना देखेकाले परीक्षणका लागि बगरमा तरभुजाखेती गरेको उनले बताए । लमही नगरपालिका-६ ढिकपुरमा रहेको राप्ती नदीको बगरको १५ बिघा जमिनमा तरभुजाखेतीले हराभरा भएको छ । नेपाल बाहिरका विभिन्न देशमा रोजगारी गरी फर्किएका युवाहरुको लागत साझेदारीमा देशकै नमूना चक्लाबन्दी बगरखेती सञ्चालन गरेको पौडेलले बताए । उनले नेपालको जमिन बाँझो राखेर अर्काको भूमिमा पसिना बगाउनुभन्दा आफ्नै भूमिमा काम गर्न युवाहरुलाई सल्लाह दिन्छन् । युवा पलाएन रोकेर आफ्नो माटो हराभरा गरायो भने काम पनि हुने र आम्दानी पनि हुने उनको भनाइ छ । पाँचजना स्थानीयलाई कृषि फार्ममा रोजगारी दिएको र आफूले पनि खटेर काम गर्ने गरेको उनले बताए । लगानीकर्ता पनि कामदार पनि दुवै बनेर खेतीपातीलाई समय दिने गरेको उनले बताए । सोही ठाउँका सुरज पाण्डे पनि विदेशबाट फर्केर तरभुजाखेतीमा लागेका छन् । उनि चार वर्ष दुबई बसेर फर्केर स्वदेशमै केही गर्नुपर्छ भनेर साथीहरुले सुरु गरेको तरभुजाखेतीमा जोडिएका छन् । फल दिँदै गरेका बिरुवाले हरियो भएको राप्तीको बगर लमहीमा रहेको उद्यमी बहुउद्देश्य सहकारीको व्यवस्थापनमा निजी कृषि फार्म तथा विभिन्न देशमा रोजगारी गरी फर्किएका युवाहरुको लागत साझेदारीमा देशकै नमूना चक्लाबन्दी खेती सञ्चालन गरेको उनले बताए । लमहीमा रहेको उद्यमशील बहुउद्देश्यीय कृषि सहकारी संस्थाको व्यवस्थापनमा निजी कृषि फर्मबाट तरभुजाखेती सुरु भएको सहकारीका सचिव विश्वप्रकाश अधिकारीले जानकारी दिए । "सहकारीले जग्गा खोज्ने काम गरेको थियो, स्थानीय युवाले खेती गर्ने सोचाइले जग्गाको माग गरे र जग्गा उपलब्ध गराएको हो," उनले भने । गर्मीको समयमा प्रशस्त फल्ने भएकाले दाङको हावापानीमा तरभुजा उत्पादन राम्रो हुने उनले बताए । प्रतिबिघा रु चार लाखदेखि पाँच लाख आम्दानी हुने आशा रहेको उनले सुनाए । मल्चिङ, खाल्डा खन्ने प्रविधि र लाइन बनाएर लगाउने तीन तरिकाले तरभुजा रोपण गरिएको छ । मल्चिङ प्रविधिबाट दाङमा खरभुजा खेती हुने गरेको छैन यो नै पहिलो अभ्यास गरेको उनले बताए । हरियो कला, ग्रेकल्दा, बाहिर हरियो, भित्र रातो, बाहिर हरियो, भित्र पहेँलो र बाहिर पहेँलो भित्र रातो गरि छ जातको तरभुजा रोपिएको छ । छोटो समयमा उत्पादन हुने र प्रतिफल धेरै हुने भएकाले तरभुजाखेती गरेको उनले बताए । उत्पादन भएको तरभुजा घोराही, तुलसीपुर, लमही, भालुवाङ, बुटवल लगायतका सहरमा बिक्री गर्ने तयारी रहेको उनले बताए । प्रदेश र स्थानीय सरकारले स्वदेशमै केही गर्न चाहने किसानलाई प्रोत्साहन गरेमा व्यवसायलाई निरन्तरता दिन सकिने उनको धारणा छ । *-रासस*

## सिँचाइ भएका क्षेत्रमा चैते धान रोपाइँ सुरु



सर्लाहीमा सिँचाइ सुविधा भएका क्षेत्रका किसानले चैते धान रोपाइँ सुरु गरेका छनु । कुलो तथा नहरको पानी उपलब्ध हुने तथा पम्पसेटबाट सिँचाइ गर्न सकिने ठाउँमा किसानहरू उत्साहसाथ रोपाइँमा जुटेका छन् । कृषि ज्ञान केन्द्र सर्लाहीका प्रमुख कमलदेवप्रसाद कुशवाहाले फिल्ड भिजिटका क्रममा कविलासी, ईश्वरपुर, लालबन्दीलगायतका क्षेत्रमा किसानले धमाधम चैते धान रोपिरहेको बताऐ । उनका अनुसार पछिल्ला वर्षहरूमा सर्लाहीमा चैते धानखेतीको क्षेत्रफल विस्तार भइरहेको छ । कृषि ज्ञान केन्द्रको तथ्यांकअनुसार गत वर्ष जिल्लामा ५० हेक्टर क्षेत्रफलमा चैते धानखेती गरिएको थियो । केही वर्षसम्म यो खेती रोकिएको भए पनि पम्पसेट र बोरिङ प्रविधि प्रयोग गर्दै किसानले पुन: खेती गर्न थालेका हुन् । यसैबीच गहुँ काट्ने सिजन सुरु भएसँगै किसानले गहुँ भित्र्याउनेकामलाई पनि तीव्र बनाएका छन् । गहुँबाली उठाइसकेपछि थप किसान चैते धानखेतीमा लाग्ने कृषि शाखाले जनाएको छ । सर्लाहीमा पूर्व-पश्चिम राजमार्गदेखि दक्षिणतर्फ नहरबाट सिँचाइ सुविधा पाएका तथा बोरिङ र पम्पसेट प्रयोग गरिरहेका किसानले खेती विस्तार गरिरहेका छन् । गत वर्षको तुलनामा यस वर्ष केही सुक्खा अवस्थामा खेती गर्नुपरे पनि किसानले उत्साहपूर्वक रोपाइँ गरिरहेका छन् । लालबन्दी नगरपालिकाको कृषि शाखाका प्रमुख गोकर्ण पौडेलका अनुसार नगरपालिकाको जब्दी, सिस्वा, हरिभवन, जुटपानी, रानीगञ्ज र जियाजोर क्षेत्रमा चैते धानखेती भइरहेको छ । उनले नगरका विभिन्न वडामा रोपाइँ सुरु भइसकेको जानकारी दिनुभयो । सिँचाइ सुविधा सहज भएमा यस वर्ष पनि चैते धान उत्पादनमा वृद्धि हुने आशा गरिएको छ । स्थानीय किसानले अनुकूल मौसम र पर्याप्त पानी उपलब्ध भएमा अझ राम्रो उत्पादन हुने विश्वास व्यक्त गरेका छन् ।

*-इहिमालय टाइम्स डटकम*


### डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा


## 'सुपर जोन र जोन कार्यक्रम'ले उत्पादन बढायो




कैलालीमा गहुँको सुपर जोन र चैते धानको जोन कार्यक्रमले उत्पादन बढाएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सञ्चालित सुपर जोन र जोन कार्यक्रमले गहुँ र चैते धानको उत्पादन बढाएको हो । खेतमा फष्टाएको गहुँ बाली देखेर कैलारी गाउँपालिका-५ का किसान दीपक चौधरी खुशी छन् । दीपकसहित यहाँका किसानले 'सुपर जोन' कार्यक्रममार्फत गहुँखेती गरिरहेका छन् । "सुपर जोन कार्यक्रममा समेटिएपछि पहिलेभन्दा गहुँको उत्पादकत्व वृद्धि भएको छ । करिब १५ बिघा जग्गा भाडामा लिएर गहुँखेती गरिरहेको छु", चौधरीले भने, "पहिले प्रतिबिघा १२-१३ क्विन्टल गहुँ फल्नेमा सुपर जोन कार्यक्रममा समेटिएपछि २० क्विन्टलसम्म फल्न थालेको छ ।" भजनी नगरपालिका-३ ढुसी गाउँका सीताराम चौधरी धानबालीमा सञ्चालित जोन कार्यक्रममार्फत चैते धानखेती गरिरहनु भएको छ । यहाँका किसानले करिब पाँच सय बिघामा यो धान रोप्ने तयारी गरिरहेका छन् । "सुरुका वर्षमा आफूले बीउ ल्याएर चैते धान रोप्दा गाउँलेले आफूलाई चैतमा पनि धान रोपेको भन्दै बौलाएको भन्थे । अहिले यहाँका अधिकांश किसानले यसको खेती गर्न थालेका छन्", सीतारामले भने, "वैशाख र जेठमा चैते धानलाई मौसम अनुकूल हुने भएकाले वर्षे धानको तुलनामा उत्पादन बढी हुने गरेको छ ।" प्रतिबिघामा ४५ क्विन्टलसम्म चैते धान फल्ने अनुभव सुनाउँदै उनले गहुँको सुपर जोन र चैते धानको जोन कार्यक्रमले उत्पादन वृद्धि भएको बताए । भजनी क्षेत्रमा काँडा, पथरैया र कान्द्रा नदीले वर्षायाममा निम्त्याउने डुबानका कारण वर्षे धानबाली नष्ट हुने गरेको किसान बताउँछन् । डुबानको समस्या बढ्दै जान थालेपछि यहाँका किसानले विकल्पका रूपमा चैते धानखेती गर्न थालेका हुन् । "वर्षामा खेतमा डुङ्गा चलाउन मिल्ने गरी हुने डुबानको समस्याले वर्षे धान बाली नष्ट हुने गरेको छ", सीतारामले भने, "वर्षामा हुने धानखेतीको विकल्पमा अधिकांश किसानले चैते धान लगाउन थालेका छन् ।" किसानले डुबान नहुने समयमा चैते धानखेती गर्न थालेका बताउँदै उनले जोन कार्यक्रम सञ्चालन भएपछि किसान थप उत्साहित भएका यनको भनाइ छ । आर्थिक वर्ष २०७८/७९ देखि जिल्लामा चैते धानको जोन कार्यक्रम सुरु भएको थियो । भजनी नगरपालिकाभित्र सुरुमा पाँच सय हेक्टरमा खेती गरिएकामा हाल यसको क्षेत्रफल विस्तार गरी एक हजार हेक्टर पुऱ्याइएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यालयले जनाएको छ । परियोजना कार्यान्वयन इकाई धनगढीका प्रमुख गोविन्दराज जोशीले भजनी नगर क्षेत्र, जोशीपुर र जानकीनगर गाउँपालिकामा चैते धानअन्तर्गत 'जोन कार्यक्रम' कार्यान्वयन भइरहेको जानकारी दिए । यनको अनुसार गौरीगङ्गा, भजनी र घोडाघोडी नगरपालिका, बर्दगोरिया, जोशीपुर र जानकीनगर गाउँपालिकामा गहुँ बालीको 'सुपर जोन कार्यक्रम' सञ्चालन भइरहेको छ । गहुँ बालीको कार्यक्रमअन्तर्गत सुरुका वर्षमा एक हजार हेक्टर क्षेत्रफलमा खेती गरिएकामा हाल क्षेत्रफल विस्तार गरी तीन हजार हेक्टर पुऱ्याइएको जनाउँदै जोशीले जिल्लाको घोडाघोडी, भजनी नगरपालिका र बर्दगोरिया, जानकीनगर गाउँपालिकामा तेलहन जातको खेती भइरहेको उल्लेख गरे । चालु आवदेखि धनगढी उपमहानगर क्षेत्रका साथै घोडाघोडी, भजनी र कैलारी गाउँपालिका क्षेत्रमा 'माछा जोन' कार्यक्रम कार्यान्वयन गरिएको इकाई प्रमुख जोशीले जानकारी दिए । यनको अनुसार यो कार्यक्रमअन्तर्गत माछापालनमा सहभागी किसानलाई प्राकृतिक तालतलैयाको सुधार, आधुनिक यन्त्र तथा उपकरणको सुविधा, नयाँ पोखरी निर्माण, प्रविधिको व्यवस्थालगायत सहयोग उपलब्ध गराउँदै आइएको छ । कृषक समूह, सहकारी संस्था र कृषि उद्यमीमार्फत् सञ्चालन भइरहेको सुपर जोन र जोन कार्यक्रम कार्यान्वयनका लागि परियोजना कार्यालयले उन्नत जातका बीउ, मलखाद, सिँचाइ, कृषियन्त्र, माटो परीक्षण, प्रशोधन केन्द्र स्थापना तथा सञ्चालनलगायत सहयोग गरिरहेको प्रमुख जोशीले बताए । "सुपर जोन र जोन कार्यक्रम कार्यान्वयनसँगै पहिलेको भन्दा बालीको उत्पादकत्व पनि वृद्धि भएको छ", उनले भने "बालीका लागि उर्बर मानिने जग्गामा ती कार्यक्रम सञ्चालनका लागि छनोट गरी खेती गर्न किसानलाई उन्नत जातका बीउ, सिँचाइ, यन्त्रलगायत प्रविधिमा सहयोग उपलब्ध गराइरहेका छौँ ।" कृषि प्रविधिको सुनिश्चिचता, बजारीकरणको व्यवस्थाका साथै सहुलियत ऋण, कृषि बिमाको व्यवस्था हुनसके कार्यक्रम थप प्रभावकारी हुने इकाई प्रमुख जोशीको भनाइ छ । उनले भने, "कृषिमा अनुदान दिने गरेका छौँ, तर अनुदान नपाउने कृषकमा असन्तुष्टि देखिने गरेको छ । यसले कृषि प्रणालीमा प्रतिकूल असर पुगिरहेकाले सबैलाई अनुदान दिने व्यवस्था गर्नुपर्छ । यसमा सरोकार भएका निकायले आवश्यक समन्वय गर्नु जरुरी छ ।" नेपालमा परम्परागत रूपमा निर्वाहमुखी खेती गरिँदै आएकामा कृषिको उत्पादन वृद्धि गर्न आवश्यक प्रविधि तथा उत्पादन सामग्रीको बजारीकरण, बाली उत्पादनमा यन्त्रीकरण, प्रशोधन तथा बजारीकरणका लागि आवश्यक पूर्वाधारको व्यवस्थासहित आधुनिकीकरण, व्यावसायीकरण गरी कृषि उपजको आयात घटाउँदै जाने उद्देश्यले सरकारले आव २०७३/७४ देखि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सञ्चालन गरेको हो । यो परियोजनाअन्तर्गत मुलुकका विभिन्न जिल्लामा विभिन्न बालीमा सुपर जोन र जोन कार्यक्रम सञ्चालन भइरहेका छन् । *-रासस*

## भीमफेदीले ल्यायो कोदोखेती प्रवर्द्धन कार्यक्रम



मकवानपुरको भीमफेदी गाउँपालिकाको रैथाने जातका अन्नबालीको प्रवर्द्धन कार्यक्रम लागू भएसँगै कोदोखेतीतर्फ कृषक आकर्षित भएका छन् । सो पालिकाले आव २०८१/८२ मा रैथाने बाली प्रोत्साहनका लागि नगद अनुदान कार्यक्रमअन्तर्गत रु ३५ लाख विनियोजन गरेको छ । दुई रोपनीभन्दा बढी जग्गामा कोदो, फापरजस्ता रैथाने जातका अन्नवालीको खेती गर्ने ४२४ कृषकलाई उत्पादनका आधारमा अधिकतम २७ हजार ८०० सम्म प्रोत्साहन रकम बाँडिएको पालिकाका कृषि शाखा प्रमुख उज्ज्वल राना मगरले जानकारी दिए । पालिकाका ४५१ जना कृषकले दुई हजार ५१० रोपनी जग्गामा कोदोखेती गर्न यस वर्ष निवदेन दिएका थिए । उक्त जग्गामा करिब २५५ मेट्रिक टन कोदो उत्पादन हुने पालिकाले जनाएको छ । समग्र गाउँपालिकाभरि पाँच हजार १३ रोपनी क्षेत्रफलमा कोदोखेती हुने र त्यसमा ५०९ मेट्रिक टनसम्म कोदो उत्पादन हुने अनुमान गरिएको कृषि शाखा प्रमुख राना मगरले जानकारी दिए । यसैगरी, भीमफेदी गाउँपालिकाले रैथाने बाली कोदोको न्यूनतम समर्थन मूल्य प्रतिकेजी रु ५५ तोकेको छ । सो गाउँपालिकामा आर्थिक वर्ष २०८०/८१ देखि यो कार्यक्रम सुरु गरे पनि आर्थिक वर्ष २०८१/८२ बाट कृषि कार्यक्रम सञ्चालनसम्बन्धी निर्देशिका, २०८१ बनाएर सञ्चालन गरेको हो । रैथाने खेतीबाली प्रोत्साहनका लागि नगद अनुदान कार्यक्रमअन्तर्गत चालु आवका लागि रु ३५ लाख विनियोजन गरेको जानकारी दिँदै गाउँपालिकाका अध्यक्ष हिदम लामाले यसबाट परम्परागत एवं रैथाने बालीका रुपमा परिचित कोदोखेतीको प्रवर्द्धन तथा व्यावसायिक उत्पादनमा सहयोग पुग्ने र स्थानीय किसानको मनोबल बढ्ने विश्वास व्यक्त गरे । *-रासस*

# आज रामनवमी, देशभर सार्वजनिक विदा




**पाल्पा,** चैत २३/मर्यादा पुरुषोत्तम श्री रामको पूजा आराधना गरि आज रामनवमी पर्व मनाइँदैछ । हेरक वर्ष चैत्र शुक्ल नवमीका दिन मर्यादा पुरुषोत्तम भगवान् रामचन्द्रको सम्झनामा 'रामनवमी' पर्व मनाइने गरिएको हो ।

असत्यमाथि सत्यको विजय तथा भगवान् श्रीरामको सम्झनामा मनाइने रामनवमी पर्वका उपलक्ष्यमा भगवान् रामचन्द्रका मन्दिरमा पूजापाठ गरिन्छ । विष्णुको सातौँ अवतार मानिने उनको जन्म हुँदा पुनर्वसु नक्षत्र थियो । कुण्डलीमा चन्द्रमाका साथ बृहस्पति रहेको कर्कट लग्नको योग परेको थियो । भगवान् रामचन्द्रको कुण्डलीमा पाँचग्रह सूर्य, मङ्गल, गुरु, शुक्र र शनि एकसाथ हुने दुर्लभ योग परेको थियो । वर्षका चार नवरात्रमध्येको वासन्तीय नवरात्रका नवमीका दिन जन्मिएका रामचन्द्रले राक्षसी प्रवृत्तिको अन्त्य गरी रामराज्य स्थापना गरेका थिए । रामनवमी पर्व मनाउनुको महत्व राम जस्तै मर्यादित, अनुशासित र नियन्त्रित राज्य सञ्चालकको आशा गर्नु रहेको जानकारहरु बताउँछन् । श्रीरामको जन्म भएको स्मृतिमा पवित्र नदी, ताल तथा कुण्डहरूमा स्नानका साथ व्रत बसी रामगीता पाठ, अध्यात्म, वाल्मीकीय, तुलसीकृत र भानुभक्तीय रामायण वाचन गर्ने र भगवान् रामको पूजा आराधना गरी रातभरि भजनकीर्तन गर्ने परम्परा छ । रामनवमीका दिन देवी पूजा गरी रामचन्द्रको पूजापाठ एवम् आराधना गरेमा 'श्री' प्राप्त हुने शास्त्रीय मान्यता छ । परापूर्वकालमा वासन्तीय नवरात्रलाई नै मूल दसैं मानिने गरेकोमा धेरै गर्मीका कारण असोजमा मनाउन थालिएको भनाइ छ । चैत र असोजको नवरात्रलाई जाग्रत दसैँका रुपमा महत्वका साथ मनाइन्छ भने पुस र असारको नवरात्रलाई सुप्त दसैँ भनिन्छ । यसैगरी, 'व्रतार्क' नामक ग्रन्थको अगस्त्य संहितामा चैत्र शुक्ल नवमीमा व्रत उपवास बसी श्रद्धा भक्तिपूर्वक रामचन्द्रको पूजा गर्नाले अनेक जन्मका पाप नाश भई वैकुण्ठ बास प्राप्त हुने उल्लेख छ । असत्यमाथि सत्यको विजय तथा भगवान् श्रीरामको सम्झनामा मनाइने रामनवमी पर्वका उपलक्ष्यमा भगवान् रामचन्द्रका मन्दिरमा पूजापाठ गरिन्छ ।

आजका दिन व्रत बसी श्री रामको पूजापाठ र जपध्यान गर्नाले चिताएको कार्य पूरा हुने र अर्को जन्ममा वैकुण्ठ बास हुने कुरा 'व्रतार्क' नामक धर्मग्रन्थमा उल्लेख छ । रामनवमीका दिन देशभरका विभिन्न स्थानमा रहेका राम मन्दिरमा मेला लाग्ने जनाइएको छ । रामनवमीको अवसरमा आज सरकारले सार्वजनिक बिदा समेत दिएको छ ।

# विकास र शान्तिको लागि खेलकुद दिवस मनाइँदै

**पाल्पा,** चैत २३/अन्तर्राष्ट्रिय विकास र शान्तिको लागि खेलकुद दिवस नेपालसहित विश्वभर आज मनाइँदैछ । हरेक वर्षको अप्रिल ६ तारिखमा सामाजिक परिवर्तन, समुदाय विकास र सबैमा शान्तिको भावना उजागर गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय विकास र शान्तिको लागि खेलकुद दिवस मनाउने गरिन्छ । संयुक्त राष्ट्र सैको साधारण सभाले सन् २०१३ देखि यो दिवस मनाउन सुरु गरेको हो ।

खेलकुदका माध्यमबाट विश्वभरको गरिबी उन्मूलन, असमानतारहित, सुन्दर र शान्त समाजको सन्देश प्रवाह गर्नका लागि हरेक वर्ष विश्व खेलकुद दिवस मनाउने गरिन्छ । खेलकुद एउटा विश्वब्यापी भाषा हो, यो समाजमा हुनेगरेको सबै किसिमको भेदभावबाट मुक्त हुन्छ । खेलकुदले युवा महिला र पुरुष जनसंख्या, व्यक्तित्व र समुदायहरूको साथसाथै स्वास्थ्य, शिक्षा र सामाजिक उद्देश्यहरूको सशक्ततालाई प्रोत्साहन पनि गर्दछ । यूएनका साथै अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी, इन्टरनेसनल युनिभर्सिटी स्पोर्टस, एफआईए फाउन्डेसन, इन्टरनेसनल काउन्सिल अफ स्पोर्टस साइन्स एन्ड फिजिकल एजुकेसनलगायत खेलकुद सम्बन्धी अन्तर्राष्ट्रिय निकायहरूले समेत यो दिवस मनाउन विश्वव्यापी आह्वान गरेका थिए । समाजमा सामाजिक परिवर्तन, सामुदायिक विकास र शान्ति तथा आपसी समझदारी स्थापनामा खेलकुदलाई माध्यम बनाउनका लागि वार्षिक रूपमा यो दिवस मनाउन थालिएको हो । नेपालमा पनि २०१५ यता यो दिवस निरन्तर रूपमा मनाइँदै आएको छ । अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीसँगको सहकार्यमा यूएनले विश्वव्यापी रूपमा मनाउने यो दिवस नेपालमा पनि मनाइँदै आइएको हो । नेपालमा हरेक वर्ष यो दिवस मनाइए पनि खेलकुद विकासमा देखिएका समस्याहरु भने जस्ताको तस्तै छन् । सरकारले खेल दिवसका लागि ठूलो मात्रमा बजेट विनियोजन गरे पनि त्यसको सहि सदुपयोग भने हुन सकेको छैन । खेलकुद नीतिको अभाव र निषेधको राजनीतिका कारण नेपालमा खेल क्षेत्रको विकास हुन नसकेको हो । मुलुकमा हरेका क्षेत्रमा विकासका प्रचुर सम्भावना छरिएर रहेजस्तै खेलक्षेत्र मात्र अपवाद रहन सक्दैन ।

# नेवारी संस्कृति संरक्षण...

...पहिलो लाइनका ज्येष्ठ नागरिकहरू उठेपछि मात्रै अरू उठ्ने हो । गुठीका विनयराज बज्राचार्यले खानाको नियमबारे भोजमा सहभागीहरुलाई जानकारी गराएका थिए । नेवारी संस्कार र संस्कृति जर्गेनाका लागि सहभागिहरुबाट न्युनतम शुल्क लिइएको थियो । लोप हुन लागेको नेवारी मौलिक खाना र संस्कारको संरक्षण गर्न एक दिने नेवा: भोज राखिएको गुठीका अध्यक्ष प्रविन बज्राचार्यले बताए । 'हामी स्थानीयस्तरबाट नै आफ्नो संस्कार संस्कृतिलाई बचाउन जुटेका छौँ", अध्यक्ष बज्राचार्यले भने, "सस्कृतिको जगेर्ना गर्दै नयाँ पुस्तालाई आफ्नो संस्कृति, पराम्परा सिकाउँदै आएका छौँ ।" आगामी दिनमा पनि यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिदै जाने गुठीका उपाध्यक्ष दिनेश बहादुर बज्राचार्यले बताए । यहाँका करिब ६ घर परिवार नेवार समुदाय रहेका छन् । जहाँ एक सय जना युवाहरु गुठीमा आवद्ध रहेर संस्कृति संरक्षणमा लाग्दै आएको गुठीका महासचिव धिरजबहादुर बज्राचार्यले बताए । "नेवार समुदायको छुट्टै कला, संस्कार ,संस्कृति रीतिरिवाज छ", उनले भने, "कतिपय परम्परा लोप हुँदै गएको अवस्था छ । यस्ता परम्पराको संरक्षणमा हामी जुटेका छौँ । मौलिक कुराको सरक्षण गर्नु नयाँ पुस्ताको दायित्व पनि हो ।" गुठीले पहिलो पटक २०७१ म नेवारी मौलिक भोज गराएको महासचिव बज्राचार्यले बताए । भोजमा २४ प्रकारका खानेकुराहरु बनाइएको कार्यक्रम संयोजक बाबुरत्न शाक्यले बताए । सोही अवरमा विभिन्न नेवारी कला संस्कृति समेत प्रदर्शन गरिएको थियो । नेवा संस्कारसँगै विकास भएको यस्तो प्रकारको भोज नेवार समुदायमा मनाइने विभिन्न संस्कारहरू जस्तैकी विवाह, व्रतबन्ध, इहि, बाह्रा भोजका साथै जन्म संस्कार, मृत्यु संस्कारहरूमा समेत खुवाउने गर्दछ । शारीरिक रूपमा एकदम स्वास्थ्यकर रहेपनि आधुनिक समाजमा चलेको बफे भोज र सुकु भोज गर्नका लागि बढी मान्छेहरूको आवश्यकता पर्ने भएका कारण यस प्रकारको भोज सङ्कटमा पर्न थालेको छ । चौरासी व्यञ्जनले युक्त यस भोज वैज्ञानिक दृष्टिकोणले समेत उपयुक्त रहेको छ । जसमा प्रोटिनको लागि मासु, गेडागुडी, कार्बोहाइड्रेटको लागि चिउरा, आलु, भिटामिनको लागि हरियो साग, काउली, दही, एसिडिटीको लागि लसुन, कफको लागि अल्कोहल, प्रेसरको लागि मेथी, पाचनको लागि अमिलोको झोल खाने गरिन्छ ।

## अर्थ/कर्पोरेट समाचार

# रामपुरका सहकारीलाई सुशासन सम्बन्धी अभिमुखीकरण



**पाल्पा,** चैत २३/जिल्लाको रामपुर क्षेत्रभित्र रहेका सहकारीहरुलाई सुशासन सम्बन्धी अभिमुखीकरण कार्यक्रम प्रदान गरिएको छ । पछिल्लो समय सहकारीहरुमा सुशासनको परिपालन नहुँदा देशका केही सहकारी संस्थाहरुमा समस्या उत्पन्न भएको अवस्थालाई मध्यनजर गर्दै रामपुर नगरपालिकाले यहाँका सहकारीहरुलाई एक दिने अभिमुखीकरण कार्यक्रम गरेको हो ।

सहकारीका सञ्चालक समिति र कर्मचारीहरुलाई अभिमुखीकरण कार्यक्रम गरिएको नगरपालिकाले जनाएको छ । रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले कार्यक्रमको उट्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै उनले सहकारीप्रति सकारात्मक सन्देश प्रवाह गर्नु आवश्यक रहेको बताए । ऋण लगानीको क्रममा ख्याल नगर्दा सहकारीहरुमा समस्या देखिएको भन्दै थापाले विशेष ख्याल गरेर जुन उद्देश्यका लागि ऋण प्रदान गरिएको हो सोही अनुसार अनुगमन गर्नु आवश्यक रहेको औल्याए । बजार क्षेत्रमा सिमित व्यक्तिहरुले सञ्चालन गरेका सहकारीमा समस्या देखिएकाले अन्य स्थानका सहकारीलाई समेत असर गरेको नगर प्रमुख थापाको भनाई छ । नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लिमिटेड (नेफ्स्कुन)का अध्यक्ष चन्द्र प्रसाद ढकालले बैंक र सहकारीबिचको फरक के हो ? भन्ने विषयमा बहस हुनु आवश्यक रहेको बताए । सहकारीको विकल्प सहकारी नै भएको बताउँदै राज्यले व्यवस्था गरेको नीति नियममा रहेर सुशासन कायम गर्न सके सहकारीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सकिने उनको भनाई छ । सरकारले जारी गरेको ऐन लागू भएमा सहकारी भित्रको विकृति अन्त्य हुने ढकालले बताए । पछिल्लो पटक भएको सहकारी ऐन तथा प्रतिस्थान विद्येयक सहकारीको विकासको पक्षमा रहेको उनले स्पष्ट पारे । रामपुर नगरपालिकाका उपप्रमुख बालकुमारी थापाले नीति नियम र व्यवस्था अनुसार सहकारी कसरी चलेको छ भन्ने विषयमा स्वमुल्याङ्कन गर्ने समय आएको बताइन् । नगर भित्र सञ्चालनमा रहेका सहकारीहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि पहल गर्दै आएको उनको भनाई छ । लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेडका अध्यक्ष कृष्ण प्रसाद नेपालले सहकारीहरुलाई संघमा आवद्ध हुन आग्रह समेत गरे । कार्यक्रममा नेस्कुनका वरिष्ठ अधिकृत नवीनराज दाहालले सहकारी सञ्चालनको लागि गरिएको व्यवस्था, व्यवस्थित रुपमा सहकारी सञ्चालन गर्ने तरिका, संशोधन सहितको सहकारी ऐन, प्रतिष्ठापन विद्येयक लगाएतका विषयमा प्रशिक्षण दिएका थिए । नेपाल बचत तथा ऋण सहकारी संघ केन्द्र र लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारी संघको प्राविधिक सहयोग, जिल्ला बचत तथा ऋण सहकारी संघ, अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था र रामपुर बचत तथा ऋण सहकारी संस्थाको समन्वयमा कार्यक्रम गरिएको हो । लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेडका अध्यक्ष कृष्ण प्रसाद नेपालको अध्यक्षता, संघका सचिव तथा जिल्ला बचत तथा ऋण सहकारी संघ पाल्पाका अध्यक्ष जगदीश भट्टराईको स्वागत, अन्धकारमुक्ति साकोसका अध्यक्ष सागर प्रसाद देवकोटाको धन्यवाद ज्ञापन, महासचिव बसन्त प्रसाद ढकालको सञ्चालनमा कार्यक्रम भएको थियो ।





हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई